# सूर्योदय नगरपालिकाको सडक हेरालु सम्वन्धी कार्यविधि, २०७९

कार्यपालिकाबाट स्वीकृत मिति- २०७९/१२/२२

सूर्योदय नगरपालिका क्षेत्रभित्र रहेका बाह्रैमास चल्ने सडक (All weather Road) र अन्य सडकहरूको मर्मत सम्भार गरी दीगो रुपमा यातायात सञ्चालन गरी सवारी आवागमनलाई सूचारु राख्ने कार्यलाई व्यवस्थित, मर्यादित र नियमसंगत बनाउन बान्छनीय भएकाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) र सूर्योदय नगरपालिकाको स्थानीय सडक ब्यवस्थापन, सञ्चालन तथा नियमन सम्बन्धी ऐन, २०७८ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नगर कार्यपालिकाबाट स्वीकृत गरी यो कार्यविधि जारी गरिएको छ।

१) विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. यस कार्यविधिको नाम "सूर्योदय नगरपालिकाको सडक हेरालु सम्बन्धी कार्यविधि, २०७९" हुनेछ।

ख. "प्रमुख" भन्नाले सूर्योदय नगरपालिकाको नगर प्रमुख सम्झनु पर्दछ।

ग. "उपप्रमुख" भन्नाले सूर्योदय नगरपालिकाको नगर उपप्रमुख सम्झनु पर्दछ।

घ. "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले सूर्योदय नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

ङ. "हेरालु" भन्नाले सूर्योदय नगरपालिका अन्तर्गत रहेका विभिन्न सडक मर्मत सम्भार गर्न खटिएका कर्मचारी सम्झनु पर्दछ।

च. "छनौट समिति" भन्नाले हेरालु छनौट समिति सम्झनु पर्दछ।

छ. "सडक" भन्नाले सूर्योदय नगरपालिकाको नगर यातायात गुरुयोजनामा समावेश भएका विभिन्न सडकहरू सम्झनु पर्दछ।

ज. "पोशाक" भन्नाले हेरालुले लगाउने तोकिए बमोजिमको पोशाक सम्झनु पर्दछ।

झ. "औजार" भन्नाले हेरालुले सडक मर्मतका लागि प्रयोग गर्ने औजार सम्झनु पर्दछ।

ञ. "अनुगमन समिति" भन्नाले हेरालुद्वारा मर्मत सम्भार भएका सडक अनुगमन गर्ने समिति सम्झनु पर्दछ।

२. कार्यक्षेत्र :

(१) हेरालुहरूको कार्यक्षेत्र यस नगरपालिका अन्तर्गत रहेका सडक क्षेत्रहरू हुनेछ।

(२) सडक हेरालुलाई वडा समितिको निर्णयानुसार वडा क्षेत्रभित्रका सडकहरूमा आवश्यकता अनुसार खटाउन सकिनेछ।

३. कार्य प्रकृति :

(१) सडक हेरालुहरूको काम, कर्तव्य देहाय बमोजिम हुनेछ।

(क) सडक मर्मत सम्बन्धी कार्यहरू।

(ख) सडकमा पर्ने खाल्डाहरू पुर्ने र सुख्खा ढुङ्गा ओछ्याउने, भत्केका किनारा मिलाउने कार्य।

(ग) सडकलाई टेवा दिने पर्खाल लगाउने, धाँजाहरू पुर्ने, कटान मर्मत गर्ने।

(घ) सडकको साना साना पहिरो र ढुङ्गा हटाउने, पानीले खोलेको प्वाल टाल्ने।

(ङ) नाली मर्मत तथा अन्य क्षतिको मर्मत, पुल, पुलेसा मर्मत, कजवे मर्मत र सफा गर्ने, झारपात सफा गर्ने, ट्राफिक संकेत सफा र मर्मत गर्ने तथा नाली नभएको स्थानमा पानी निकासको लागि अस्थायी नाली बनाउने।

(च) सडक सरसफाई गर्ने । तर ठूला प्रकृतिका रुखहरू, घाँसका विरुवाहरू लगायत अन्य काममा आउने बोट विरुवाहरू काट्नु पर्दा सम्बन्धित रुखधनी वा वडाअध्यक्ष तथा वडा सदस्यहरूसँग समन्वय गर्नुपर्ने छ ।

(छ) सडकमा पानी जमेको अवस्थामा अनिवार्य रुपमा यथाशीघ्र सो जमेको पानी निकास गर्नु पर्नेछ ।

(ज) सडक दायाँ बायाँ बृक्षारोपण गर्ने ।

(झ) भैपरी आई वा अन्य कारणले सडक अवरुद्ध भई सडकमा थप क्षति पुग्ने अवस्था भएमा वडा कार्यालय र नगरपालिकालाई तत्काल सूचना गर्ने ।

(झ) तोकिए बमोजिम  अन्य कार्य गर्ने ।

४. हेरालु छनौट समिति :

(१) सडक हेरालु छनौट सम्वन्धित वडा समितिबाट हुनेछ । सम्बन्धित वडाको वडा समितिले हेरालु छनौट समितिको रुपमा कार्य गर्नेछ ।

५. छनौट प्रक्रिया :

(१) सडक हेरालुको छनौट प्रक्रिया देहाय बमोजिम हुनेछ ।

(क) सडक हेरालुका लागि उपयुक्त उम्मेद्वारको आवेदन माग गर्नका लागि सम्बन्धित वडा कार्यालयबाट न्यूनतम ७ (सात) दिन अवधिको सूचना प्रकाशन गर्नुपर्नेछ ।

(ख) तोकिएको समयमा रीतपुर्वक पेश भएको आवेदनहरू दर्ता गरी अन्तर्वार्ता मिति तोकिनेछ ।

(ग) तोकिएको मितिमा अन्तर्वार्ताको माध्यमबाट सडक हेरालु छनौट गरिनेछ ।

(घ) हेरालु छनौट प्रक्रिया देहायको योग्यताको परिधिभित्र रही गर्नुपर्नेछ ।

१) सम्बन्धित वडाको स्थायी बासिन्दा

२) १८-५८ वर्ष उमेर समूहको

३) आर्थिक अवस्था कमजोर रहेको

४) काम प्रतिको जिम्मेवारी र जवाफदेहिता बहन गर्न सक्ने

५) स्वास्थ्य बीमा अनिवार्य गरेको

६) अनुभवी तथा सडक सम्बन्धी काम गर्न जानेको र मर्मत सम्भार गर्नुपर्ने सडक नजिक बसोवास रहेको ब्यक्तिलाई प्राथमिकता दिनुपर्नेछ ।

(ङ) छनौट समितिबाट सिफारिस भएका उम्मेद्वारहरूलाई करार सम्झौता तथा नियुक्ति नगर कार्यपालिकाको कार्यालयले दिनेछ । सिफारिस भएको उम्मेद्वारहरूको करार सम्झौता एक आर्थिक वर्षमा अधिकतम १०० दिनसम्मको लागि हुनेछ । निजको काम सन्तोषजनक नदेखिएमा अनुगमन समिति र वडा समितिको सिफारिसमा तत्काल करार सम्झौता भङ्ग गरी वैकल्पिक उम्मेदवारलाई सडक हेरालु नियुक्त गर्न सकिनेछ ।

६. हेरालुको दैनिक कार्य समय :

(१) हेरालुको कार्य समय देहाय बमोजिम हुनेछ ।

(क) प्रत्येक दिन ६ घण्टासम्म अनिवार्य तोकिएको सडकमा मर्मत सम्भार गर्नुपर्नेछ ।

(ख) भैपरी आएमा वा सडकमा कुनै कारणले सवारी आवागमन अवरुद्ध भएको अवस्थामा हेरालुबाट मर्मत गर्न सक्ने अवस्था भएमा अतिरिक्त समय समेत काम गर्नुपर्दछ ।

७. सेवा सुविधा :

(क) सडक हेरालुको सेवा सुविधा नगरले तोकेको अदक्ष ज्यामी कामदारको दररेट अनुसार हुनेछ ।

(ख) सडक हेरालुलाई चाहिने आवश्यक सामग्री, पोशाक र औजार नगरपालिकाले उपलब्ध गराउनेछ ।

(ग) सडक हेरालुहरूले खाइपाई आएको सेवा सुविधा भुक्तानी सम्वन्धित वडा कार्यालयले प्रमाणित गरेको डोर हाजिरी विवरण र अनुगमन समितिको प्रतिवेदनको आधारमा बैंकमार्फत गर्नुपर्नेछ ।

८. अनुगमन समिति :

(१) सडक हेरालुहरूको सडक मर्मत कार्य प्रभावकारी बनाउन, सडकको स्थितिबारे जानकारी लिन र सुझाव सल्लाह प्रदान गर्न देहाय बमोजिमको ३ सदस्यीय अनुगमन समिति रहनेछ ।

| | |
|---|---|
| क. नगर उपप्रमुख | - संयोजक |
| ख. सम्बन्धित वडाका वडाध्यक्ष्य | - सदस्य |
| ग. सम्बन्धित वडा हेर्ने प्राविधिक कर्मचारी | - सदस्य-सचिव |

(२) अनुगमन समितिले सडक हेरालुहरूको काम कारबाहीको अनुगमन निरीक्षण गरी नगर कार्यपालिकामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

९. बाधा अड्काउ फुकाउने: (१) यस कार्यविधि कार्यान्वयनमा कुनै बाधा अड्काउ आइपरेमा नगर कार्यपालिकाले निर्णय गरी फुकाउन सक्नेछ ।

१०. संशोधन तथा परिमार्जन: (१) यस कार्यविधिलाई आवश्यकता अनुसार नगर कार्यपालिकाले संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।